पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्युटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्युजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ८ गते बिहिबार ❑ 20 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## प्रजातन्त्रको विकल्प अरु कुनै व्यवस्था छैन: अध्यक्ष केसी

पोखरापत्र संवाददाता
बागलुङ, ७ फागुन

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रजातन्त्रको विकल्पमा अरु कुनै उत्तम व्यवस्था नरहेको बताउनुभएको छ।

बागलुङमा बुधबार ७५ औँ प्रजातन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पछिल्लो समय प्रजातन्त्रमाथि कालो बादल मडारिन थालेको जिकिर गर्नुभयो। सत्ता र शक्तिमा बस्नेहरुले जनताको भवनाविपरीत काम गर्न नहुने उहाँको सुझाव थियो।

पूर्व उपप्रधानमन्त्रीसमेत रहनुभएका केसीले प्रजातन्त्रलाई सिध्याएर देशमा निरंकुश शासन चलाउने शक्ति तयार भइरहेको आरोप लगाउनुभयो। जनताको बलिदानीबाट स्थापना भएको प्रजातन्त्र कुनै पनि शक्तिले ढलाउन नसक्ने उहाँले दाबी गर्नुभयो। "अहिले पनि कतिपय मान्छेहरुले यो लोकतन्त्र,



गणतन्त्रको औचित्य छैन, यसले नेपाली जनताको गास, बासको समस्याको समाधान गर्न सकेन, त्यसकारण आवश्यक छैन भन्न थालेका छन्", केसीले भन्नुभयो, "प्रतिगामीहरुले प्रजातन्त्रका विरुद्धमा हल्ला पिटेका छन्।"

उहाँले प्रजातन्त्र कसैले बकस दिएको नभई नेपाली जनताले निरंकुश शासन ढालेर ल्याएको बताउनुभयो। सत्तामा नेता आउने जाने प्रक्रिया चलिरहने र जनता सधैँ स्थायी हुने अध्यक्ष केसीको भनाइ छ। नेपाली जनतालाई प्रजातन्त्र अपरिहार्य रहेको उहाँले उल्लेख गर्नुभयो।

राजनीतिक दलका नेता र सांसदले भनेको जस्तो विकास निर्माण अघि बढेको भए लाखौँ युवा जनशक्ति विदेश जानु नपर्ने अध्यक्ष केसीले बताउनुभयो। जनताको चाहना र आवश्यकताअनुसार नेताले काम नगर्दा गाउँघर रित्तिएर उराठ लाग्दा भएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो। सरकारले युवा शक्तिलाई आफ्नै गाउँ ठाउँमा बस्ने वातावरण तयार गर्नुपर्नेमा अध्यक्ष केसीले जोड दिनुभयो।

## पुम्दीकोटमा श्रीमद्भागवत ज्ञान महायज्ञ सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

पछिल्लो समयमा धार्मिक एवं पर्यटकीय चर्चीत गन्तव्यको रुपमा रहेको बिशाल महादेवको मुर्ति परिसरमा बुधबारदेखि श्रीमद्भागवत ज्ञान महायज्ञ एवं महाशिवरात्री महिमा २०८१ सुरु भएको छ।

पुम्दीकोटमा साँझमा लेजरलाइट मार्फत शिवको मुर्तिलाई पर्दा बनाई शिव ताण्डव नृत्य तथा महादेवको जीवन लीला सहितको बृत्तचित्र प्रर्दशन गर्ने र सिसाको पुल निर्माण गर्ने लगातका उद्धेश्यले बुधबार देखि पुम्दीकोट कोट विकास समितिको आयोजनामा उक्त महायज्ञ सुरु भएको समितिले जनाएको छ। उक्त भौतिक संरचना निर्माण भएमा पुम्दीकोट आउने पर्यटकहरुको एक दिनको बसाई अवधि लम्बाउने समितिका अध्यक्ष एवं मुल समारोहका संयोजक चन्द्रकान्त बरालले बताउनु भयो। भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म पहुचका



लागि सिसाको पुल ग्लास बृज निर्माण गर्ने लक्ष्य समेत राखिएको छ भने हरियाली उद्यान बनाउने, पुम्दिकोटका मुख्य तीन द्वारहरु छोरेपाटन, तिलार र फलेटेमा शिव धामको गेट निर्माण गर्ने, मुल मुर्तिको मर्मत सम्भार गर्ने, दान दाताहरुको नाम शिलालेख र स्तम्भ बनाउने लगायतका उद्धेश्य रहेको अध्यक्ष बरालले जनाउनु भयो। यही फागुन १५ गतेसम्म संचालन हुने उक्त महायज्ञको गण्डकी प्रदेश सभाका सदस्य (सांसद) प्रकाश बरालले उद्घाटन गर्दै पोखरा २२ को बृहत विकासमा पुम्दीकोट बिशाल महादेवको मुर्ति परियोजना कोषेढुंगा सावित हुने बताउनु भयो। स्थानियको सक्रियतामा सुरु भएको उक्त अभियान अब सबैको साथ र सहयागले गर्दा अन्तिम चरणमा रहेका केही भौतिक पूर्वाधार निर्माण गर्न सबैको साथ र सहयोगले पूरा गर्ने वचन दिनुभयो। यस अघिका दुई पटकको महायज्ञले गर्दा हाल नेपालकै चर्चीत धार्मिक एवं पर्यटकीय गन्तव्यको रुपमा परिचित भएको दाबी गर्दै सांसद बरालले एकै दिनमा १२ हजार सम्म पर्यटक पुम्दीकोट आएको दाबी गर्नुभयो। जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष लीलाधर पौडेलले पोखरा क्षेत्रमा धार्मिक पर्यटनको अथाह सम्भवना रहेको दाबी गर्नुभयो। पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले पोखरा महानगरको नयाँ पर्यटकीय गन्तव्यको रुपमा रहेको पुम्दीकोटको बाँकी भौतिक पूर्वाधार निर्माण गर्ने उक्त अभियानमा महानगरको सहयोग हुने जनाउनु भयो।

बुधबार महायज्ञ उद्घाटनको पूर्व अवसरमा पोखरा २२ वडा कार्यालय अर्थात शुक्रराज माविको गेट अगाडीबाट बृहत झाँकी सहितको कलश यात्रा आयोजना भएको थियो। र्‍यालीमा पन्चे बाँजा सहित विभिन्न जनजातिको झाकीमा र्‍याली प्रर्दशन सहित कलश यात्रा भएको उपाध्यक्ष नरहरी बरालले जनाउनु भयो। महायज्ञका प्रमुख वाचकको रुपमा भागवत मन्जरी माता सिता दासी रहनु भएको प्रचार प्रसार समितिका सहसंयोजक मातृका प्रसाद बरालले बताउनु भयो। ४१ करोडको बिशाल महादेव मुर्ति परियोजना अर्न्तगत अझै १० देखि १२ करोडको परियोजनाका काम बाँकी रहेको अध्यक्ष बरालले दाबी गर्नु भयो। सिसालको पुल राख्ने बिषयमा भने नीजि कुनै कम्पनी तथा संस्थाको खोजि भएको समितिले जनाएको छ। समृद्धि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने मुल नाराका साथ कैलाशधाम निर्माण परिकल्पना गर्दै ज्ञान महायज्ञको आयोजना गरिएको बताउदै अध्यक्ष बरालले ज्ञान महायज्ञ यही फागुन १५ गतेसम्म संचालन हुने उल्लेख गर्नु भयो। पुम्दीकोट धामको धार्मिक, एतिहासिक र पुरातात्त्विक महत्वका बारेमा प्रष्ट्याउदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटक भित्राउने पुम्दीकोटमा दिगो पर्यटनको लागि उक्त परियाजना आवश्यक भएको दाबी गर्नुभयो। यस अघि पुम्दीकोटमा २०७३ र २०७९ मा दुई पटक महायज्ञ आयोजना गरिएको थियो भने हाल तेस्रो पटक आयोजना गर्न लागिएको हो। पहिलो महायज्ञबाट करिब ६ करोड रुपैया र दोस्रो महायज्ञबाट करिब ३ करोड रुपैया संकलन गरेको समितिले जनाएको छ।

## महावीर पुनलाई 'रत्न-श्रेष्ठ राष्ट्रिय पुरस्कार'


पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

वैज्ञानिक एवं राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा महावीर पुनलाई रु ५० हजार राशिको 'रत्न-श्रेष्ठ राष्ट्रिय पुरस्कार' प्रदान गरिएको छ।

'रत्न-श्रेष्ठ पुरस्कार गुठी' बागलुङद्धारा बुधबार आयोजित पुरस्कार समर्पण समारोहमा गुठीका संस्थापक संरक्षक प्रेम छोटाले पुनको अनुपस्थितिमा केन्द्रका प्रतिनिधि इन्द्र वलीलाई नगदसहित, दोसल्ला र सम्मानपत्र प्रदान गर्नुभयो। केन्द्रद्वारा प्रकाशित पुनको पुस्तक 'महावीर पुन सम्झना, सपना र अविरल यात्रा'का लागि पुरस्कार प्रदान गरिएको गुठीले जनाएको छ। राष्ट्रिय आविष्कार केन्द्रको स्थापना, रोजगारी सिर्जना, नवप्रवर्तनका क्षेत्रमा गरेका अनुकरणीय कामले उहाँ परिचित हुनुहुन्छ। त्यसैगरी यस वर्षको 'धवलागिरि प्रतिभा पुरस्कार' साहित्यकार जगन्नाथप्रसाद लम्सालजाई प्रदान गरिएको छ। उहाँको काव्यकृति 'सहधर्मिणी'का लागि उक्त पुरस्कार प्रदान गरिएको गुठीले जनाएको छ। उक्त पुरस्कारको राशि रु १५ हजार रहेको छ। त्यसैगरी रु २५ हजार राशिको 'जगतचन्द्र स्मृति राष्ट्रिय पुरस्कार-२०८१' पाल्पाका साहित्यकार चोलेश्वर शर्मालाई प्रदान गरिएको छ। रत्न-श्रेष्ठ पुरस्कार गुठीको संरक्षकत्वमा सञ्चालित जगतचन्द्र स्मृतिकोषका तर्फबाट प्रदान गरिने उक्त पुरस्कारको राशि रु २५ हजार रहेको छ। शर्माको निबन्ध सङ्ग्रह 'सगरमाथा एक पहाडको नाम होइन'लाई पुरस्कार प्रदान गरिएको गुठीका सदस्यसचिव महेशचन्द्र प्रधानले जानकारी दिनुभयो। सोही समारोहमा बागलुङनगरपालिका-४ कुँडेलस्थितस्थित मुक्तिनाथ वेद विद्याश्रम संस्कृत विद्यालयका छात्र रामकृष्ण सुवेदीलाई 'गुरु गणेश स्मृति पुरस्कार' प्रदान गरिएको थियो। बागलुङका गणेशप्रसाद र विष्णुकुमारी श्रेष्ठको स्मृतिमा गुठीमा स्थापित उक्त पुरस्कारको राशि रु दस हजार रहेको छ। गुठीले हरेक दुई वर्षमा पुरस्कार प्रदान गर्दै आएको छ।

साहित्यकार एवं संस्कृतिकर्मी प्रेम छोटाले आफ्नी आमा रत्नकुमारी श्रेष्ठको स्मृतिमा विसं २०३४ मा पुरस्कार कोष स्थापना गर्नुभएको थियो। 'रत्न-श्रेष्ठ पुरस्कार गुठी'लाई देशकै जेठोमध्येको एक पुरस्कार संस्था मानिन्छ। भाषा, साहित्य र संस्कृतिको उत्थानमा समर्पित स्रष्टाको सम्मानका लागि पुरस्कार गुठी स्थापना गरिएको संस्थापक संरक्षक छोटाले बताउनुभयो। दिवङ्गत रत्नकुमारी श्रेष्ठको ११७औँ पुण्यतिथि र ४८औँ स्मृति दिवसको अवसर पारेर पुरस्कार वितरण गरिएको गुठीले जनाएको छ

डिभिजन वन कार्यालय, कास्कीको अनुरोध
गर्मी याम र खडेरीको समयमा वन डढेलोका घटनाहरू हुने गर्दछन्। वनमा डढेलो लाग्न गयो भने त्यहाँ भएका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको अपुरणीय क्षति भई तापक्रम वृद्धि हुने र पर्यावरणमा समेत अपुरणीय क्षति पुग्दछ। जसबाट अन्ततः मानव अस्तित्वमा नै संकट पैदा हुन जान्छ त्यसैले
- वन जंगलमा डढेलो लाग्न नदिऔँ, लागि हालेमा जनसहभागिता जुटाई तुरुन्त निभाऔँ।
- सलाई, लाइटर जस्ता प्रज्वलनशील वस्तु लिई वन प्रवेश नगरौँ/नगराऔँ।
- वन जंगल तथा जोडिएका खेतबारीमा भएका झारपात झिंजाहरु लगायत ज्वलनशील पदार्थलाई संकलन गरी मलखाद बनाई कृषिमा आत्मनिर्भरता बढाऔँ।
- वनमा आगोलागीको मौसम शुरु हुनु अगावै अग्नी रेखाको निर्माण गरौँ। अग्नी रेखा निर्माण भई सकेका क्षेत्रमा समयमै मर्मत र सरसफाई गरौँ।
- वनमा डढेलो लगाउने जस्तो गम्भिर फौजदारी अपराध गर्ने व्यक्तिलाई कार बाहीका लागि नजिकको वन कार्यालय, सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौँ।
- वनडढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापन जस्तो पवित्र कार्यमा आ-आफ्नो ठाउँबाट जुटौं र पुण्य कमाऔं।



वनमा आगो लगाउने कार्य कानुनत दण्डनीय अपराध हो। यस्तो कार्य गर्नेलाई वन ऐन २०७६ बमोजिम क्षति भएको बिगो असुल गरी साठी हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।
सम्पर्कका लागि : ०६१-५७०१७१, ९८५६०३७५०७, ९८५६०८७५०७

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हिसान गण्डकी फुटसलको उपाधि गुरुकुल विद्यासदन र इन्फोम्याटिक्सलाई

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

हिसान गण्डकी प्रदेशस्तरी फुटसलको उपाधि गुरुकुल विद्यासदनले जितेको छ। कास्की मोडनाइज एकेडेमीलाई २-१ गोल अन्तरले हराउदै उपाधि हात पारेको हो । गुरुकुलको जितमा सुलभ थापा र सुमित मल्लले गोल गरे । कास्की मोइनाइजका लागि इसान्त पुनले एक गोल गरे ।

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा भएको तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा कलेज फुटसल प्रतियोगिता गुरुकुल विद्यासदन उपाधि सगँ नगद १ लाख, मेडल र ट्रफि जित्न सफल भयो । उपविजेता बनेको कास्की मोडनाइज एकेडेमीले नगद ५० हजार मेडल र ट्रफि प्राप्त



गऱ्यो । प्रतियोगिताको उत्कृष्ट खेलाडी गुरुकुल विद्यासदनका सुमित मल्ल बने । त्यसै गरी हाइस्कोरर कास्की मोडनाइजका इसान्त पुन, उत्कृष्ट गोलरक्षक कास्की मोडनाइज कै कुसल गिरी बन्न सफल भए । कजेज तर्फ इन्फोम्याटिक्स कलेजले पोखरा कलेज अफ म्यानेजमेन्टलाई हराउदै उपधि जितेको छ । इन्फोम्याटिक्स कलेजले पोखरा कलेज अफ म्यानेजमेन्टलाई ५-२ गोल अन्तरले हराउदै उपाधि जितेको हो । इन्फोम्याटिक्स कलेजका नारन पुन ३, मन्दिप राजभण्डारी र निश्चिल घिमिरले एक एक गोल गरे। पोखरा कलेज अफ म्यानेजमेन्टका लागि रमित गुरुङ र कुशल खड्काले एक एक गोलको योगदान दिए।

इन्फोम्याटिक्स कलेजले उपाधि सगँ नगद २० हजार, मेडल, ट्रफि प्राप्त गर्दा पोखरा कलेज अफ म्यानेजमेन्टले नगद १० हजार, मेडल र ट्रफिमा चित्त बुझायो । प्रतियोगिताको प्रथम पुरस्कार युआरएलले प्रायोजन गरेको थियो भने दोस्रो पुरस्कार हिसान कास्कीले प्रायोजन गरेको थियो। प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ। विजयी खेलाडीलाई प्रतियोगितामा गण्डकी प्रदेश खेलकुद समितिका उपाध्यक्ष ध्वजकुमार गुरुङ, हिसानका उपाध्यक्ष बाबुराम पन्त, गण्डकीका संस्थापका अध्यक्ष रमाकान्त बराल, हिसान गण्डकीका अध्यक्ष डा रामजी शर्मा, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसि, हिसान गण्डकीका कोषाध्यक्ष टुकराज बास्तोला, सचिब डिल्लिराम अधिकारी, युआरएलका अध्यक्ष ठाकुर पन्थी, प्रवन्धक गणेश कोइराला, सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष संजय लिगल, सल्लाहाकार सन्तोष पराजुली लगाएतले विजयी खेलाडी मेडल, प्रमाणपत्र र ट्रर्फि प्रदान गरे ।

# ग्रामीण कृषकहरुको उत्पादन वृद्धि र वजारीकरणमा हेफर इन्टरनेशनलको साथ

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

हेफर इन्टरनेशनल नेपालले ग्रामीण भेगका कृषकहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न र कृषी उपज वस्तु वजारीकरणमा महत्वपूर्ण भुमिका निभाउँदै आएको छ।

यस संस्थाले कृषकहरूको उत्पादन क्षमता सुधार्न र तिनीहरूको समृद्धि र जीवनस्तर उकास्न विभिन्न योजना एवम् परियोजनाहरू संचालन गर्दै आएको छ । ति योजनाहरु प्रभावकारी रुपमा सञ्चालन गरिदै आएपछि कृषकहरुमा पनि उत्साह छाएको छ । हेफर इन्टरनेशनलले कृषकहरूको उत्पादन क्षमता वृद्धिका लागि प्राविधिक सहयोग र तालिम प्रदान गर्दै कृषकहरूलाई नयाँ प्रविधिहरू र वैज्ञानिक कृषि अभ्यासहरू सिकाउँदै आएको छ, जसले उत्पादन वृद्धि गर्न टेवा पुऱ्याएको छ । यसका साथै कृषि कार्यहरुमा बीउ चयन, माटो व्यवस्थापन र सिंचाइ प्रविधिहरूमा सुधार ल्याउने कार्यमा समेत सहयोग गर्दै आएको छ । यस संस्थाले कृषकहरूको उत्पादन सुधार गर्नका लागि महत्वपुर्ण भुमिका खेल्दै आएको छ । कृषकहरूको उत्पादनलाई बजारमा पहुँच पुर्याउनका लागि हेफर इन्टरनेशनलले विभिन्न पहलहरू अगाडि बढाएको छ । यसले कृषकहरूको उत्पादनलाई स्थानीय र बाह्य बजारमा पुऱ्याउनका लागि कृषि उपजको वजारीकरण प्रक्रियामा समेत सहयोग पुर्याउँदै आएको छ। कृषकहरूलाई तिनको उत्पादनको मूल्य वृद्धि गर्न, बजारमा प्रतिस्पर्धा गर्न र उनीहरूको विक्रि व्यवस्थापन सुधार्नका लागि तालिम र सल्लाह पनि प्रदान गर्ने गरेको छ। संस्थाले किसान समूह र सहकारीहरूको सञ्जाल निर्माण गरेर कृषकहरूको कृषि उपजको वजारीकरणको अवस्था सुधार गर्नमा मद्दत गरेको हो । हेफर इन्टरनेशनलले कृषकहरूलाई नयाँ कृषि व्यवसाय शुरु गर्न र उद्यमशीलता प्रवर्द्दन गर्न प्रोत्साहित गर्दै कृषकहरूको आयमा विविधता ल्याउन र तिनीहरूलाई आफ्नो उत्पादनको मूल्यवर्द्धन गर्नको लागि महत्वपुर्णभुमिका खेल्दै आएको हो । हेफर इन्टरनेशनलले उत्पादन वृद्धिमा मात्र नभई दिगो कृषि अभ्यासहरूको प्रवर्द्धन, कृषकहरूलाई जैविक खेती र पर्यावरण मैत्री उपायहरूको बारेमा सचेत गर्न र तिनीहरूको उत्पादन प्रक्रिया दिगो बनाउनमा विभिन्न सहयोग पुर्याएको छ । यसका साथै महिला कृषकहरूको सशक्तिकरणमा पनि संस्थाले ठूलो भूमिका खेलिरहेको छ । हेफर इन्टरनेशनलले विभिन्न तरकारी मूल्य श्रृंखलामा नवाचार मार्फत ग्रामीण महिला उद्यमहरूको प्रतिस्पर्धात्मकता बढाउँदै नामक परियोजना संचालन गरेको छ।

हेफर इन्टरनेशनलका कार्यक्रमहरु कृषि उत्पादनमा मात्र सीमित छैनन्, यसले कृषकहरूको समग्र अर्थिक र सामाजिक विकासमा पनि योगदान पुर्याउँदै आएको पाईन्छ । कृषकहरूको जीवनस्तर उकास्नका लागि उनीहरूको उत्पादनमा सुधार ल्याउन बाहेक स्वास्थ्य, शिक्षा र पोषणका क्षेत्रमा पनि सहयोग प्रदान गर्दै आएको छ । पर्वतको महाशिला गाउँपालिकामा हेफर ईन्टरनेस्नल नेपालको सहयोगमा इन्प्रेड नेपालले तरकारी मूल्य श्रृंखलामा नवाचार मार्फत ग्रामीण महिला उद्यमहरूको प्रतिस्पर्धात्मकता बढाउँदै नामक परियोजना संचालन गरेको छ । उक्त परियोजना बाट ८ सय ७५ घरपरिवार लाभान्वित हुने लक्ष्य राखिएको छ । हाल २०० घरधुरीका कृषक आबद्ध रहेको सो स्थानमा १ हजार १ सय ३९ रोपनी जग्गामा खेती गरिएको छ्। संस्थाले यहाँका किसानले उत्पादन गरेका तरकारी तथा खाद्यान्नवाली उचित मूल्यमा घरेलु बजारका साथै जलजला,वालिङ, पोखरा, काठमाडौं लगाएतका शहरहरुमा विक्रि वितरण गर्न सहजीकरण गरेको छ । मंसिर महिना सम्ममा यहाँ बाट ४९ लाख ९७ हजार भन्दा बढी रकमको कृषि वस्तु विक्री वितरण भएको संस्थाले जनाएको छ । यहाँ फर्सी, आलु, अकबरे खुर्सानी, साग, ब्रोकाउली, काउली, बन्दा, स्कुस, लौका, कांक्रो लगाएतका कृषि वस्तु उत्पादन हुने गरेको छ । उक्त परियोजना सञ्चालन भए सँगै यहाँका कृषहरुको संख्या बृद्धि भएको छ भने कृषि उत्पादन र उत्पादकत्व समेत वृद्धि भएको छ।

# घान्द्रुक पर्यटन महोत्सव सुरु, घान्द्रुकको मौलिकता जोगाउन पर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

कास्कीको अन्नपूर्ण गाउँपालिका -१० र ११ स्थित घान्द्रुकमा आजदेखि घान्द्रुक पर्यटन महोत्सव सुरु भएको छ।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति घान्द्रुकको आयोजनामा आज देखि सुरु भएको घान्द्रुक पर्यटन महोत्सव फागुन १० गतेसम्म सञ्चालन हुनेछ। घान्द्रुक पर्यटन महोत्सवको उद्घाटन अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले गरे ।

महोत्सवको उद्घाटनपछि बोल्दै गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले अन्नपूर्ण गाउँपालिकाको समृद्धको आधार कृषि, पर्यटन, उर्जा र पूर्वाधार भएको बताए । अध्यक्ष केसीले घान्द्रुक आउने सडक सहज बन्दै गएकाले पर्यटकलाई आकर्षण गर्नका निम्ति घान्द्रुकको मौलिकता जोगाउन आवश्यक रहेको बताए । उनले घान्द्रुक पर्यटन क्षेत्र भएकाले यसको विकास गर्ने गाउँपालिकाको कर्तव्य भएको समेत बताए । अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) पोखराका प्रमुख डा. रविन कडरियाले घान्द्रुकबाट एबिसी, पुनहिल घोडेपानी लगायतका पदमार्गसँग जोडिएकाले घान्द्रुक पर्यटकको हवको रुपमा अगाडि



बढेको बताए । घान्द्रुक पर्यटन महोत्सवका संयोजक अमृत लामा गुरुङले भोलिदेखि खुल्ला क्लबस्तरीय पुरुष भलिबल र बास्केटबल प्रतियोगिता सुरु हुने बताए । उनका अनुसार क्लबस्तरीय भलिबल र खुल्ला बास्केटबल प्रतियोगिताको विजेताले क्रमशः १ लाख २२ हजार २ सय २२ र उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँसहित ट्रफी मेडर र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै महोत्सवमा आयोजित भेन्ट्रान्स भलिबल प्रतियोगिताको बिजेताले नगद ३० हजार उपविजेता टिमले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यस्तै महोत्सवमा आयोजित घोडादौड प्रतियोगितामा प्रथम हुनेले ६० हजार, दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार पुरस्कार प्राप्त गर्नेछन्। महोत्सवको पत्येक साँझ सास्कृतिक कार्यक्रमहरु समेत आयोजना गरिएको आयोजकले जनाएको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा एकैदिन २ हजार ५ सय पर्यटकलाई राख्न सक्ने क्षमताको ६० वटा होटल र ३० वटा होमस्टे सञ्चालनमा रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए । महोत्सव अवधिभर पर्यटकलाई २० प्रतिशत छुट दिइएको आयोजकले जनाएको छ । पोखराबाट साढे २ घण्टाको सवारी यात्रामा पोखरा बागलुङसडकखण्डको नयाँपुल, विरेठाटीहुँदे घान्द्रुक पुग्न सकिन्छ। घान्द्रुकबाट भैसीखर्क-टाडापानी,वनठाटी, देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुक हुँदै टाडापानी-इसरु, दोबाटो, मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेक जान सकिन्छ भने, घान्द्रुक,छोम्रोङ हुदै अन्नपूर्ण बेसक्यापसमेत जान सकिन्छ।

# चौध लाख किशोरीले क्यान्सरविरूद्धको खोप लगाए

रासस
काठमाडौं, ७ फागुन

सरकारले सञ्चालन गरेको पाठेघरको मुखको क्यान्सरविरूद्धको एचपिभी खोप अभियानमा करिब ९२ प्रतिशत किशोरीले खोप लगाएका छन् । स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमका अनुसार अभियानका क्रममा ९२ किशोरीले खोप लगाइसकेका छन् । गत माघ २२ गतेदेखि सुरू भएको खोप अभियान मङ्गलबार सकिएको छ।

गौतमका अनुसार १४ लाख २८ हजार आठ सय ८९ किशोरीले अभियानका बेला खोप लगाएका छन् । अभियानमा १६ लाख ८८ हजार सात सय ८६ किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको थियो । उहाँले खोप लगाउन छुट भएका किशोरीलाई स्वास्थ्य संस्थामा लगाइनेसमेत जानकारी दिनुभयो । "कुनै समुदायमा छुट भएका किशोरीलाई त्यही गएर खोप लगाएका छौँ," उहाँले भन्नुभयो, "मधेशतिर खोप लगाउन छुटेका एकै समुदायका एक सय ५० जना किशोरीलाई पनि हामीले खोप लगाइएको छौं। समुदायमा गएर खोजेर खोप लगाइने छ।"

शाखा प्रमुख डा गौतमले मनाङ, मुस्ताङ, हुम्ला र डोल्पामा विद्यालय सञ्चालन नभएको खोप अभियान सुरू नगरिएको बताउनुभयो । उहाँका विद्यालय सुरू हुनसाथ फागुनको तेस्रो सातामा ती जिल्लामा खोप अभियान चल्नेछ। सरकारले किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउनका गत कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका लागि खोप अभियान सञ्चालन गरेको थियो।

नेपालमा हरेक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको तथ्याङ्क छ।

# प्रजातन्त्र दिवसको उपल्यक्षमा बुद्ध विशाल बजारमा झण्डोत्तलन

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखरा ४ ले प्रजातन्त्र दिवसको उपल्यक्ष्यमा एशोसियसनको लोगो अंकित झण्डा र राष्ट्रिय झन्डा झण्डोत्तलन गरेको छ।

कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा उच्च स्तरीय समन्वय समितिका संयोजक केशव बहादुर खत्रीले फागुन ७ गते प्रजातन्त्र दिवसको दिन सम्पुर्ण नेपालीहरूको लागी विशेष दिन भएको बताउदै नेपाली झन्डाको बिशेष ईतिहास रहेको बताए । खत्रीले यस कार्यक्रमलाई आफू एशोसियसनको नेत्रित्वमा हुदा नै वार्षिक रूपमा नै मनाउदै जाने निर्णय गरिएको बताउदै खत्रीले अहिलेको आर्थिक मन्दीको विषम परिस्थितिमा आफ्नो व्यवसाय टिकाउनु नै व्यवसायीको अहिलेको मुख्य चुनौती रहेको बताए। खत्रीले अहिलेको अवस्थामा भईरहेको भाडामा सकिन्छ घटाएर नत्र यथास्थितिमा राखेर व्यवसाय बचाउनको लागी घरधनीहरूलाई आग्रह गरे। कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सल्लाहकार माधव सिग्देलले बुद्ध विशाल बजारका व्यवसायीहरूको लागी पनि आजको दिन एतिहासिक भएको हुदा व्यापारिक एशोसियसनको लोगो अंकित झण्डा र राष्टिय झन्डा झण्डोत्तलन गरिएको बताए। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको सभापतित्वमा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष बुद्धि वहादुर कुँवरले स्वागत मन्तव्य राखेका थिए भने महासचिव राजु केसीले कार्यक्रम सन्चालन गरेका थिए। त्यस अवसरमा एशोसियसनका कार्यसमिति सदस्य ईन्द्रमाया गुरूङले



स्वर्गीय ससुरा शेर बहादुर गुरूको स्मृतिमा एशोसियसनको छात्रवृत्ति कोषको लागि पाँच हजार रूपिया एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्याललाई हस्तान्तरण गरेकी थिईन गुरूङले हरेक फागुन ७ गते प्रजातन्त्र दिवसको उपल्ययक्ष्यमा स्वर्गीय ससुराको स्मृतिमा एशोसियसनको छात्रवृत्ति कोषमा सयोग रकम दिदै आएकी छन्।

# 'वर्तमान संविधान निर्माणको महत्वपूर्ण जग २००७ सालको क्रान्ति'

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले ७५ औं प्रजातन्त्र दिवसको अवसरमा गण्डकी प्रदेशबासीका साथै सम्पूर्ण नेपालमा शुभकामना व्यक्त गर्नुभएको छ।

नागरिक अधिकार सुनिश्चित गर्दै लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्नका लागि भएका संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उहाँले मुलुकमा प्रजातन्त्र स्थापनाका लागि भएका अनेकौं आन्दोलनहरूलाई पथप्रदर्शन गरेका अग्रजहरूप्रति हार्दिक सम्मान एवम् श्रद्धा प्रकट गर्नुभएको छ।

एक शुभकामना सन्देश जारी गर्दै उहाँले मुलुकको सार्वभौमसत्ता जनतामा निहित हुनुपर्दछ भन्ने मान्यतालाई जनताको संघर्ष तथा सहिदको बलिदानबाट स्थापित गरेको हुनाले यस दिन नेपालको इतिहासमा गौरवपूर्ण र अविस्मरणीय दिनको रूपमा अंकित रहेको उल्लेख गर्नुभएको छ।

शुभकामना सन्देशमा उल्लेख छ - 'सात दशक लामो संघर्ष र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र जनता आफैले बनाएको वर्तमान संविधान निर्माणको एउटा महत्वपूर्ण जग वि.सं २००७ सालको क्रान्ति थियो भन्ने हामीले सधैं स्मरण गर्नुपर्नेछ। जनता नै राज्य शक्तिको सम्पूर्ण स्रोत हुन् भन्ने मान्यतामा आधारित रही लोकतान्त्रिक आचरणलाई जीवन पद्धति बनाउन सकेको खण्डमा प्रजातन्त्र दिवसको सार्थकता पुष्टि हुन सक्दछ ।' यस दिनले सबै जनप्रतिनिधिमूलक संस्था, राजनीतिक दल तथा राज्यका सबै अङ्गलाई लोकतान्त्रिक मूल्य, मान्यताहरू अवलम्वन गर्दै जनअपेक्षा पूरा गर्ने दिशामा अघि बढ्न प्रेरित गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै उहाँले प्रजातन्त्र दिवसले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न मद्दत पुगोस् भन्ने कामना पनि गर्नुभएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# भारतीय साशकको अहंकार र हेपाह प्रबृत्ति

भारतको ओडिसा प्राज्यस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा स्नातक तहमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको शव छात्रावासमा भेटिएपछि स्थिति तनावपूर्ण बन्दै गएको छ । नेपाली विद्यार्थीको मृत्युपछि निष्पक्ष छानबिनको माग गरिरहेका त्यहाँ अध्ययनरत विद्यार्थीमाथि सोमबार बिहानैदेखि कलेज प्रशासनले गरेको अभद्र व्यवहार, दुर्व्यवहारसँगै कलेजबाट निकाल्नेसम्मको कार्य भएको छ। घटना सार्वजनिक भएसँगै नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री आरजु राणाले उत्पन्न परिस्थितिबारे भारत सरकारका सरोकारवाला निकायलाई सोमबार नै ध्यानाकर्षण गराउँदै निष्पक्ष छानबिन हुनुपर्ने धारणा सार्वजनिक गरेका छन । साथै दिल्लीस्थित नेपाली दूतावास र नेपालस्थित भारतीय दूतावासलाई समेत घटनाको तथ्यपरक अनुसन्धानसहित नेपाली विद्यार्थीमाथि भएको ज्यादती रोक्न आवश्यक पहलका लागि प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री राणाले प्रस्ट निर्देशन र आह्वान गरेका छन। उच्च शिक्षा दिने ठाउँका व्यक्तिको अहंकार र हेपाह प्रबृत्ति प्रकट भएको छ । भारतमै उक्त घटनाको विरोध भएको छ । क्याम्पस प्रशासनको दुर्व्यबहार र आतंकित मनस्थितिका कारण नेपाली विद्यार्थी घर फर्केका छन ।

विकसित घटनाक्रममा कलेज प्रशासनले लम्साल मृत्यु प्रकरणपछि उत्पन्न परिस्थिति र नेपाली विद्यार्थीमाथि भएको दुर्व्यवहारप्रति मङ्गलबार माफी मागेको छ । विश्वविद्यालयका उपकुलपति शरण सिंहले विद्यार्थीलाई अध्ययनमा फर्कन अपिल गरेका छन। साथै स्वदेश फर्कन चाहने विद्यार्थीका लागि थप व्यवस्थापन गरिएको छ । घटनाको निष्पक्ष छानबिन गर्न ओडिसा सरकारले उच्चस्तरीय छानबिन समिति गठन गरेको छ । ओडिसा सरकारको सूचना तथा जनसम्पर्क विभागले वक्तव्य जारी गर्दै छानबिन समिति गठन गरेको प्रस्ट पारेको छ। समितिका सदस्यहरूमा सरकारको गृह विभागका अतिरिक्त सचिव, महिला तथा बालविकास विभागका प्रमुख सचिव तथा उच्च शिक्षा विभागबाट आयुक्त सहसचिव रहने व्यवस्था गरिएको छ । विभागका निर्देशकद्धारा जारी वक्तव्यमा कलेजमा भएको प्रदर्शनका क्रममा विद्यार्थीमाथि बल प्रयोग, दुर्व्यवहारका घटना बाहिर आएका छन्, त्यसमाथि अनुसन्धान भइरहेको र कानुन अनुसार कारबाही हुने छ भनिएको छ । साथै सो विषयमा कलेज प्रशासनलाई जानकारी गराइएको र उच्चस्तरीय समितिको निष्कर्षका आधारमा कलेजमाथि उपयुक्त कानुनी र प्रशासनिक कारबाही गरिने प्रस्ट पारिएको छ । नेपाली विद्यार्थीसहित न्यायका लागि उत्रिएका सम्पूर्ण विद्यार्थीको सुरक्षा, सम्मान र कल्याण सुनिश्चित गर्न ओडिसा सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै सबैलाई न्यायका लागि आवश्यक कदम चाल्न तयार रहेको पनि प्रस्ट पारिएको छ ।

ओडिसा राज्यको राजधानी भुवनेश्वरस्थित कालिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु दुखद छ। र यो भारतलाई विकासशील देशहरूको लागि शैक्षिक केन्द्र बनाउन चाहने भारत सरकारको मान्यता विपरीत छ । केआईआईटीले एक भारतीय विद्यार्थीविरुद्ध नेपाली विद्यार्थी प्रकृतिको उत्पीडनको गुनासोलाई बेवास्ता गरेको देखिन्छ। पछि अनुसन्धानबिना यसले उनको मृत्युलाई भावनात्मक चोटको परिणाम ठहर गऱ्यो। जब सयौं अन्य नेपाली विद्यार्थीले विरोध गरे, तिनीहरूलाई कटक रेलवे स्टेसनमा पुऱ्याइयो र टाढै रहन भनियो । एउटा भाइरल भिडिओमा केआईआईटीका दुई कर्मचारीहरू कराइरहेका सुनिन्छन्। उनीहरूले संस्थानको शिक्षण खर्च नै नेपालको बजेटभन्दा बढी छ भन्छन्। यस्तो अहंकार! हेपाह प्रबृत्ति बढ्दै गएको छ । यो घटना कूटनीतिक मुद्दामा परिणत भयो। नेपालका प्रधानमन्त्री ओलीले यो विषय उठाए। नेपालमा रहेको भारतीय दूतावासले आश्वासन दियो। ओडिसा सरकार तात्यो। केआईआईटीले माफी माग्यो। निष्कासित विद्यार्थीलाई फर्कन भन्यो । केआईआईटीले दुई उच्च अधिकारीहरूलाई 'सेवाबाट हटायो' पनि ।

सन् २०१३ मा एक विश्वव्यापी सर्वेक्षणले भारतलाई सबैभन्दा बढी नश्लीय विभेद गर्ने (रेसिस्ट) देशहरूमध्येको दाबी गर्दा धेरैले खिल्ली उडाएका थिए। तर, यहाँ जातीय दुर्व्यवहार भोगेका अफ्रिकाका विद्यार्थीहरूलाई सोध्नुहोस्। २०१४ को जनवरी रात जब दिल्लीका एक मन्त्रीले नाइजेरियालीलक्षित 'छापा' हान्न लगाएका थिए, त्यो भारतका लागि कहिल्यै नमेटिने दाग हो । कोभिड महामारीमा उनीहरूलाई 'चिनियाँ' भनेर कसरी कलंकित गरिएको थियो, सर्वेक्षणहरूले देखाएका छन्। अब यो मामला नेपालमा चर्किएको छ, जुन भारतमा विदेशी विद्यार्थीहरूको सबैभन्दा ठूलो स्रोत हो । भारतमा सन् २०२१-२२ मा भर्ना भएका ४६ हजार ८७८ विदेशी विद्यार्थीमध्ये १३ हजार १२६ जना नेपाली थिए । भारतले २०४७ सम्ममा प्रतिवर्ष ५ लाख विदेशी विद्यार्थी भर्ना गर्ने लक्ष्य राखेको छ। तर अहिले त्यो ५० हजारमा सीमित छ। यस्तै व्यवहार हुँदै जाने हो भने नेपालीको रोजाइ भारत पर्दैन ।भारतीय शासनकर्ता छिमेकीलाई गर्ने व्यवहार पटकपटक प्रकट भएको छ।त्यसका विरुद्ध कुटनैतिक रुपमा र नागरिक तहमा विरोध र भत्सर्ना भएको छ।न्याय र स्वाभिमानीपुर्वक वस्ने र पढ्ने वातावरण बनाउन सम्पूर्ण न्यायप्रेमीको ऐक्यबद्धता चाहिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अपर म्याग्दी-१ को बाँध निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ फागुन

धवलागिरी गाउँपालिका-४ खाम्लामा ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत् आयोजनाको बाँध निर्माण सुरु गरिएको छ ।

म्याग्दी हाइड्रोपावर लिमिटेड प्रर्वद्धक रहेको आयोजनाले म्याग्दी नदीको पानीलाई सुरुङमा छिराउनका लागि १५ मिटर अग्लो र ४० मिटर लामो बाँध निर्माण थालेको हो । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले आज बाँधको ढलान गर्ने कार्यको शुभारम्भ गर्नुभयो । गाउँपालिका अध्यक्ष पुन, पूर्वअध्यक्ष थमसरा पुन, धवलागिरी-४ का वडाध्यक्ष यामप्रसाद घर्तिमगरलगायत जनप्रतिनिधी र स्थानीय अगुवाको उपस्थितिमा बाँध निर्माण कार्यको शुभारम्भ गरिएको हो । जग्गा व्यवस्थापनको काम सकेर म्याग्दी नदीको दायाँतर्फ ढलान गरेर औपचारिक रुपमा बाँधको पक्की संरचना निर्माण सुरु गरिएको आयोजना प्रमुख ज्योतिकुमार केसीले बताउनुभयो । "विसं २०८० चैत १९ मा सम्झौता र २०८१ वैशाख २८ गते कार्यक्षेत्रमा परिचालित भएको सिभिल ठेकेदार लुना बिल्डर्स एण्ड कन्ट्र्याक्टरले पहाड काटेर बाँध निर्माणस्थल तयार पारिसकेको छ", उहाँले भन्नुभयो, "विसं २०८३ फागुन २१ गते विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बाँधसँगै सुरुङ र विद्युत् गृह निर्माणको कामलाई तिव्रता दिएका छौं ।" विसं २०८१ भदौ १२ गतेदेखि धवलागिरी-४ छहरीमा सुरु भएको १९८ दशमलव ९० मिटर लामो अडिट नम्बर २ को सुरुङ खनेर थप ५३० मिटर मुख्य सुरुङ निर्माण भइसकेको आयोजनाका प्रबन्ध निर्देशक लक्ष्मण न्यौपानेले बताउनुभयो । पाँच किलोमिटर ७०० मिटर सुरुङमध्ये केही दिनमा बाँध र मालिका गाउँपालिका-७ भारवाङको आउटलेट तर्फबाट पनि खन्न सुरु गर्ने तयारी गरिएको उहाँले बताउनुभयो । सानीमा बैंकको नेतृत्वमा छ वटा बैंकको ऋण, प्रर्वद्धक कम्पनी र सर्वसाधारणको शेयरमार्फत जुटाइने रु ११ अर्ब २३ करोड २७ लाख छ हजारको लागतमा निर्माण हुने आयोजनाको विद्युत्गृह मालिका-७ भारवाङमा रहनेछ । भारवाङदेखि एक दशमलव पाँच किलोमिटर १३२ केभी क्षमताको प्रशारण लाइन बनाएर नेपाल विद्युत् प्राधिकरणले मालिका-७ डाँडाखेतमा निर्माण गरिरहेको १३२ केभी क्षमताको सवस्टेशनमा यस आयोजनाबाट वार्षिक औसत ३१५ दशमलव शुन्य एक गिगावाट घण्टा विद्युत् केन्द्रीय लाइनमा जोडिनेछ ।

बाँध निर्माण स्थल नजिकै १०० मिटर लामो र १५ मिटर अग्ला तीन वटा पानी थिग्राउने पोखरी निर्माण गर्न जग्गा व्यवस्थापन भइरहेको छ । हालसम्म १६ दशमलव पाँच प्रतिशत भौतिक प्रगति भएको छ । 'रन अफ द रिभर' प्रकृतिको आयोजनाको आउटलेटदेखि विद्युत् गृहको उचाइ १९६ मिटर रहेको छ । आउटलेटबाट पानीलाई विद्युत् गृहमा खसाल्न ६९२ मिटर पेनस्टक पाइप जडान गरिने भएको छ । उर्जा इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट सोलुसन प्रालि परामर्शदाता रहेको यस आयोजनाको मेकानिकल र इलेक्ट्रो मेकानिकल ठेकेदार छनोटको प्रक्रियामा रहेको छ । अपर म्याग्दी-१ को प्रवर्द्धक कम्पनी उर्जा डेभलपर्स प्रालिमा आबद्ध छ ।

भारवाङदेखिबाँधनिर्माणस्थलसम्म नौ किलोमिटर पहुँचमार्ग निर्माण गरिसकेको आयोजनाले सामाजिक उत्तरदायित्वका कार्यक्रमका लागि विनियोजन गरेको रु छ करोड २० लाख बजेटबाट प्रभावित क्षेत्रमा सडक निर्माण, शिक्षा, स्वास्थ्य, मठमन्दिरका लागि हालसम्म रु एक करोड नौ लाख १५ हजार सहयोग गरेको जनाएको छ ।

# सांस्कृतिक महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ फागुन

यहाँको व्यास नगरपालिकामा विभिन्न जातजातिका कला, संस्कृति प्रदर्शन र संरक्षण गर्न आजदेखि तीन दिने सांस्कृतिक महोत्सव सुरु भएको छ ।

व्यास नगर प्रज्ञा प्रतिष्ठानको आयोजनामा व्यास नगरपालिका-३ खुल्ला मैदानमा सुरु भएको सांस्कृतिक महोत्सव शुक्रबारसम्म सञ्चालन हुनेछ । महोत्सवको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले तनहुँ कला, संस्कृतिले धनी जिल्ला भएकाले मौलिक संस्कृति जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रदेश सरकारले विभिन्न जातजातिका कला, संस्कृति संरक्षणलाई प्राथमिकतामा राखेको बताउँदै कला र संस्कृतिलाई आम्दानीसँग जोड्न आग्रह गर्नुभयो । जिल्ला समन्वय समिति प्रमुख शान्तिरमण वाग्लेले नेपालको पहिचान संस्कृति र प्रकृति भएको बताउँदै यसको संरक्षण गर्नुपर्ने बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का जिल्ला सचिव प्रदीपराज अधिकारीले नगरभित्रका मौलिक संस्कृति संरक्षण गर्ने उद्देश्यसहित आयोजित कार्यक्रम सराहनीय रहेको बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति विश्व बाँस्तोलाले भाषा, संस्कृति लोप हुन दिन नहुने उल्लेख गर्नुभयो । पछिल्लो समय कला, संस्कृति लोपहुँदै गएकाले त्यसको संरक्षण गर्दै अहिलेका पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यसहित कला संस्कृतिको संरक्षण गर्न पहल गरिएको प्रज्ञा प्रतिष्ठानका सदस्य देवीबहादुर बस्नेतले जानकारी दिनुभयो ।

नगर प्रमुख एवं व्यास नगर प्रज्ञा प्रतिष्ठानका कुलपति वैकुण्ठ न्यौपानेले नगरभित्रका अधिकांश समुदायका कला, संस्कार, संस्कृति, इतिहास, पुरातात्विक क्षेत्र लोपोन्मुख भएकाले संरक्षण गर्न महोत्सव गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "अधिकांश जातजातिका भाषा, धर्म, संस्कार, संस्कृति, कला लोपोन्मुख अवस्था पुगेका छन्, यसलाई संरक्षण गर्ने दायित्व नगरपालिका हो ।" महोत्सवमा विभिन्न जातजातिका बालन नाच, भजन, चुड्का, कौराहा, सोरठी, स्वराही, पाउदुरे, शङ्खध्वनि, झ्याउरे, घाँटु नाचका साथै मूर्ति, चित्रकलालगायतको प्रदर्शनी गरिएको छ ।

कार्यक्रममा सहभागी सबै जातीय समूहलाई नगद रु दश हजारका दरले सहयोग प्रदान गरिने जनाइएको छ । झाँकीमा सहभागीमध्येबाट प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु दश हजार, सात हजार र पाँच हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

# जुनियर खुल्ला राष्ट्रिय जुडो प्रतियोगिता-२०८१ फागुन ९ र १० मा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



कास्की जिल्ला जुडो संघको आयोजनामा 'जुनियर खुल्ला राष्ट्रिय जुडो प्रतियोगिता-२०८१' हुने भएको छ । "राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकुद" भन्ने मूल नाराका साथ फागुन ९ र १० गते उक्त प्रतियोगिता हुने भएको हो ।

पोखरा रंगशाला स्थित मल्टिपल कर्भड हलमा सो प्रतायोगिता दुई दिनसम्म सञ्चालन हुने भएको छ । यस प्रतियोगितामा देशैभरबाट विभिन्न तौल समुह अर्न्तगत महिला र पुरुष गरी १ सय ५ जना खेलाडीहरु सहभागि हुने भएको छ । विशेषगरी खेलाडीहरुको क्षमता अभिवृद्धि र प्रोत्साहान स्वरुप सो कार्यक्रमको आयोजना गरिएको संघका सचिव ज्योति हमाले जानकारी दिनुभयो ।

यस प्रतियोगितामा पुरुषतर्फ -२५, -३५, -४०, -४५, -५०, ५५, ६०, -६६ र +७३ के.जी गरी ९ तौल समुहमा प्रतिस्पर्धा हुने उहाँले बताउनुभयो । त्यस्तै सचिव हमालका अनुसार महिलातर्फ -२५, -३५, -४०, -४४, -४८, ५२ र +५७ के.जी गरी ७ तौल समुहमा प्रतिस्पर्धा हुने भएको छ । यस्तै यस प्रतियोगिता आयोजना गर्नुको अर्को मूख्य उद्देश्य भनेको यस क्षेत्रमा जुडो खेलको समग्र विकासका साथ-साथै राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्नु रहेको संघका अध्यक्ष पद्म छन्त्याले बताउनुभयो ।

वि.सं २०६६ सालमा पोखरा रंगशालामा १० जना खेलाडीबाट घाँसे मैदानमा स्वयम सेवक प्रशिक्षक रबि चौधरीले यस खेल खेलाउन शुरु गर्नुभएको हो । हाल पोखरा रंगशालाभित्र रहेको जुडो हलमा ५१ जना खेलाडीहरुलाई दैनिक रुपमा स्वयम सेवक प्रशिक्षक चौधरीले प्रशिक्षण दिँदै आइरहनुभएको छ ।

# सोसल सर्भिस क्लबद्धारा शैक्षिक सामग्री बितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन




पोखरा ३ नदिपुरमा रहेको माउन्ट अन्नपूर्ण माबि अन्तरर्गत कक्षा ११ र १२ मा रहेका बिद्यार्थीहद्धारा गठित सोसल सर्भिस क्लबले शैक्षिक तथा खेलकुद सामग्री बितरण गरेको छ ।

बुधबार कास्कीको मादी गाउँपालिका-५ ठुलास्वाँरामा रहेको बिद्याज्योति आधारभूत बिद्यालयका २९ जना बिद्यार्थीहरुका लागि स्कुलमानै पुगेर शैक्षिक सामग्री बितरण गरिएको हो । उक्त शैक्षिक समग्री बिद्यार्थीहरु तथा शिक्षकहरुको आर्थिक सहयोग मार्फत खरिद गरी बितरण गरिएको क्लबका सचिव दृष्य गुरुङले जानकारी दिइन् । कार्यक्रममा बोल्दै मादी गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष होमनाथ अधिकारीले सोसल सर्भिस क्लबले गरेको सहयोगले बिद्यालयका बिद्यार्थीलाई शैक्षिक क्षेत्रमा सहयोग पुग्ने बताए । सहयोगले समाजसेवाको भावनालाई उजागर गरेको उनको भनाई थियो । बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष भिम गुरुङले बिद्यालयको आर्थिक स्रोत निकै कमजोर भएको अवस्थामा क्लबले गरेको सहयोगले पठनपाठनमा सहयोग हुने बताए । बिद्यालयका प्रधानध्यापक महेन्द्र पौडेलले क्लबको प्रसंसा गदै बिद्यार्थीले देखाएको सामाजिक काम प्रतिको भावनाले सामाजिक सेवामा बिद्यार्थीको भुमिका महत्वपुर्ण रहेको उल्लेख गरे । माउण्ट अन्नपूर्ण माबिका प्रोमोटर तथा प्रशाशक चित्र गुरुङले बिद्यालयमा गठन गरिएको क्लव समाज सेवा गर्ने क्लब भएको बताए । उनले बिद्यार्थीहरुलाई कितावी ज्ञानमा मात्रै सिमित नगरी अन्य समाज सेवाका गतिबिधिहरुमा समेत लाग्न बिद्यार्थीलाई आग्रह गरे ।

क्लबका अध्यक्ष प्रथम श्रेष्ठले बिद्यालयका शिक्षकहरुको प्रेरणाबाट क्लब गठन भएको बताउदै क्लबले समाज र शिक्षाको क्षेत्रमा काम गदै जाने योजना बनाएको सुनाए ।

कार्यक्रममा माउण्ट अन्नपूर्ण माबिका लेखा प्रमुख नवराज पौडेल, बिद्यालयका सहायक प्रधानध्यापक कृष्ण कुमारी अधिकारी,क्बलका उपाध्यक्ष मिलन श्रेष्ठ लगाएत क्लबका सबै सदश्यहरुका साथै बिद्यालयका बिद्यार्थीहरु, अभिभावक लगाएतको सहभागिता रहेको थियो ।

# टीम पोखरा मल्टिपर्पोजको रक्तदानमा १ सय ४३ युटिन रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

टीम पोखरा मल्टिपर्पोज प्रालिको तेश्रो वार्षिकोत्सवको अवरमा आयोजित रक्तदान कार्यक्रममा १ सय ४३ युनिट रगत संकलन भएको छ । प्रालिले आफ्नो तेश्रो वार्षिकोत्सवको अवसरमा आयोजित दोश्रो रक्तदान कार्यक्रममा १ सय ४३ जनाले रक्तदान गरेका हुन ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य पूर्ण चन्द्र न्यौपाने र पोखरा महानगरपालिका वडा नं १५ का वडा सदस्य आषिश भण्डारीलाई ब्लड ब्याग हस्तान्तरण शुरु भएको कार्यक्रममा १ सय ४३ जनाले रक्तदान गरेका हुन ।

सो अवसरमा वोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले टीम पोखरा मल्टिपर्पोजले युवा ब्यवसायीहरुलाई एकतृत गर्दै सामाजिक काममा समेत अगाडी बढेकोमा धन्यवाद ब्यक्त गरे । रक्तदान कार्यक्रमले रगत लिनेलाई मात्र नभइ रगत दिनेलाई समेत स्वास्थ्यमा फाइदा पुऱ्याउने भएकाले हरेक तीन महिनामा रक्तदान गर्न सके फाइदा हुने बताए । टीम पोखरा मल्टिपर्पोज प्रालिले युवाहरुलाई स्वदेशमानै रहने सक्ने बातावरण निर्माण गरि कुनैपनि उद्योग सञ्चालन गरे उद्योग वाणिज्य संघको तर्फबाट साथ र सहयोग हुने कार्कीको भनाइ रहेको थियो । त्यस्तै पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य पूर्णचन्द्र न्यौपानेले टीम पोखरा मल्टिपर्पोज प्रालिले सामाजिक काममा समेत अगाडी बढेकोमा खुसी ब्यक्त गरे । रक्तदान कार्यक्रमले रगत अभावमा रहेका बिरामीहरुलाई ठूलो सहयोग पुग्ने उनको भनाइ रहेको थियो । नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार केन्द्रका प्रतिनिधि यमुना केसी क्षेत्रीले रक्तदान कार्यक्रमको माध्यामबाट डायालाइसिल गरिरहेका बिरामी, दुर्घटनामा परेका र सुत्केरी हरुका लागि महत्वपूर्ण भुमिका खेल्ने बताए । हरेक तीन महिनामा रक्तदान गरेको खण्डमा मानिस स्वस्थ रहने बताउदै रक्तदान गर्दैमा मानिसको शरिरमा कुनै हानी नहुने बताइन ।

रक्तदान कार्यक्रमका संयोजक गौरब पाख्रिनले टीम पोखरा मल्टिपर्पोज प्रालिले स्थापनाको दोश्रो वर्षदेखि रक्तदान कार्यक्रम गर्दै आइरहेको बताए । आफुहरुको संस्थाले सामाजिक काममा समेत लाग्नुपर्छ भन्ने अभिप्राय बोकेर अघिल्लो वर्षदेखि स्थापना दिवसको अवसर पारेर रक्तदान कार्यक्रम आयोजना गरेको उनको भनाइ रहेको थियो । टीम पोखरा मल्टिपर्पोज प्रालिका अध्यक्ष नारायण खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष पुष्कल ढकालले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन संस्थाका सचिव रावत लामाले गरेका थिए ।

